# राष्ट्रिय जनगणना २०७८ को लागि सुपरिवेक्षक सर्टलिष्ट गरिएको सूचना

मिति २०७७ चैत्र १९ गतेको विभागिय निर्णयानुसार सुपरिवेक्षक पदमा प्रप्त भएका स्वीकृत दरखास्त फारामहरुमध्ये स्थानीय तह अनुसार संलग्न सूची बमोजिमका उम्मेदवारहरु सर्टलिष्टमा पर्नु भएको व्यहोरा जानकारी गराईन्छ। सर्टलिष्टमा परेको व्यक्तिहरुको नामावली cbs.gov.np वा censusnepal.cbs.gov.np वा उम्मेदवारले प्राथमिकता तोकको सम्बन्धित जिल्लाका जनगणना कार्यालयमा हेर्न सकिन्छ।

१. सम्पर्क राख्ने समय र पेश गरेका कागजातः

पेश गरेका नागरिकता र लब्धांकपत्र सक्कलप्रति लिई वैशाख २ गते देखि १० गते भित्र आफुले काम गर्न चाहेको प्रदेश/जिल्ला जनगणना कार्यालयमा सम्पर्क गर्न जानुहोला ।

२. सर्टलिष्ट स्कोरिङ्ग मापदण्ड

न्यूनतम शैक्षिक योग्यताका प्रतिशत अंक (४० प्रतिशत), स्थायी बसोबास (३० प्रतिशत), अस्थायी बसोबास (२० प्रतिशत), अनुभव (१० प्रतिशत), जनसंख्या/तथ्याङ्कमा स्नाकत्तोर अध्ययन वा उतिर्ण (१० प्रतिशत) र अपाङ्गता वा अन्य लिङ्गी (१० प्रतिशत) को आधारमा श्रेणीक्रम निर्धारण गरिएकोछ । उक्त श्रेणीक्रम गर्दा उपलब्ध भएसम्म महिला र पुरुषको ५०/५० प्रतिशत हुने गरी संख्या कायम गरिएकोछ।

३. प्रदेश/जिल्ला जनगणना कार्यालयले सुपरिवेक्षक नियुक्ति गर्दा अपनाउने प्रक्रियाः

१. विभागको निर्णयानुसार तयार गरिएको श्रेणीक्रम (Rank) अनुसार प्रदेश तथा जिल्ला जनगणना कार्यालयले क्रमैसँग पेश गरिएका कागजातहरु जाँच गरी ठीक ठहर्याई करार नियुक्तिको प्रक्रिया अगाडि बढाउनु पर्नेछ।

२. कार्यालयले निम्न अवस्थामा सर्टलिष्टमा परेका उमेद्वारलाई नियूक्ति नदिन सक्नेछ।

(क) शैक्षिक योग्यता अनुसार नमिलेका र तोकिएको उमेर भन्दा फरक पाइएमा।

(ख) उम्मेदवारको शारिरीक अवस्था काम गर्न नसक्ने देखिएमा।

३. सर्टलिष्टमा परेका नामावलीहरु मध्येबाट श्रेणीक्रमसँगै आवश्यक संख्यामा महिला ५० प्रतिशत हुने गरी पदपुर्ति गर्नु पर्नेछ।

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग
२०१२

४. सर्ट लिष्टबाट आवश्यक संख्यामा सुपरिवेक्षक/गणक नपुग हुन गएमा विभागबाट थप लिष्ट माग गर्नु पर्नेछ।

५. कुनै स्थानीय तहमा तोकिएको संख्यामा सर्टलिष्ट नभएमा सम्वन्धित जिल्लाको अन्य जोडिएका नगरपालिका/गाउँपालिकामा सर्टलिष्टमा परेका उम्मेदवारबाट छनोट गर्नु पर्नेछ।

६. खण्ड (४) वा (५) बाट पनि नपुग भएमा छोटो प्रक्रियामा सम्वन्धित स्थानीयस्तरका सरकारी कार्यालय/संस्थान/विद्यालयका शिक्षकलाई काजमा लिने वा करारमा लिई नियूक्ति गर्नु पर्नेछ।

७. अन्तिम छनौट भएका उम्मेदवारहरुलाई जनगणनाको स्वीकृत कार्यतालिका अनुसार नियुक्ति दिई कामकाज गराउनु पर्नेछ।

८. श्रेणीक्रम अनुसार नियुक्ति लिएका उम्मेदवारले बीचमा छोडेमा वा तालिममा भाग नलिएमा वैकल्पिक सूचीबाट नियुक्ति गर्ने वा खण्ड (४) वा (५) को प्रक्रिया पुरा गरी उपयुक्त उम्मेदवार नियुक्ति गर्नु पर्नेछ।

९. जिल्ला जनगणना कार्यालयबाट भएको नियुक्ती सम्बन्धमा कुनै उजुरी भएमा सो उजुरी केन्द्रीय तथ्याङ्क विभागमा गर्नु पर्नेछ।